# स्थानीय राजपत्र

**पाख्रीबास नगरपालिका द्वारा प्रकाशित**

**वर्ष- ४, सङ्ख्या-१८**

**भाग-१**

## पाख्रीबास नगर शिक्षा नियमावली, २०७७ (पहिलो संशोधन), २०७८

**कार्यपालिकाबाट पारित मिति :- २०७८/०६/०७**
**प्रमाणीकरण मिति :- २०७८/०६/०७**

पाख्रीबास नगर शिक्षा नियमावली २०७७ लाई संशोधन गर्न आवश्यक भएकाले पाख्रीबास नगर कार्यपालिकाको बैठक बाट पारित गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो नियमावलीको नाम पाख्रीबास नगर शिक्षा नियमावली, (पहिलो संशोधन) २०७८ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. पाख्रीबास नगर शिक्षा नियमावली, २०७७को नियम ५४मा संशोधन: पाख्रीबास नगर शिक्षा नियमावली २०७७(यस पछि मूल नियमावली भनिएको)को नियम ५४को सट्टा देहायको नियम राखिएको छ:

"५४" शिक्षक तथा कर्मचारी सरुवा सम्बन्धी व्यवस्था ।

४. मूल नियमावलीको नियम ५४को उपनियम (१),(२),(३),(४),(५),(६),(७),(८),(९),(१०),(११),(१२) र (१३) को सट्टा देहायका उपनियम राखिएको छ:

"(१)" अनुसूची-११ मा उलिखित विषयको शिक्षक नरहेको विद्यालयमा अर्को विषयको शिक्षक सरुवा गर्नु हुँदैन । तर दरबन्दी सहित सरुवा गर्न यस उपनियमले बाधा पुगेको मानिने छैन ।

"(२)" ऐनको दफा २९को उपदफा(४) खण्ड(ज) अनुसार नगरपालिका भित्रको कुनै विद्यालयमा कार्यरत शिक्षकले अनुसूचि -१२ बमोजिमको ढाँचामा हाल कार्यरत विद्यालय र सरुवा हुन चाहेको विद्यालयको विद्यालय व्यवस्थापन समितिको निर्णय सहितको सहमति पत्र सहित निवेदन निवेदन दिनु पर्नेछ ।

"(३)" सामान्यत: शिक्षक वा कर्मचारीको सरुवा प्रत्येक शैक्षिक सत्रको पहिलो र अन्तिम महिनामा मात्र गरिनेछ । तर ऐनको दफा २९को उपदफा (४)को अवस्थामा शिक्षकको सरुवा जुनसुकै समयमा पनि गर्न बाधा पुगेको मानिने छैन ।

"(४)" एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा दुइ वर्ष सेवा पूरा नगरी सामान्यत: सरुवा गरिने छैन । तर कुनै विद्यालयमा कार्यरत शिक्षक असक्त भई हाल कार्यरत विद्यालयमा रहि निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोके बमोजिमको मेडिकल बोर्ड वा चिकित्सकले सिफारिश गरेमा निजलाई जुनसुकै बखत सरुवा गर्न सकिनेछ ।

"(५)" स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन ।

"(६)" सरुवा गर्दा साधारणतया अपाङ्गता भएका शिक्षक र महिला शिक्षकलाई पायक पर्ने स्थानमा सरुवा गरिनेछ ।

"(७)" जिल्ला भित्रका अन्य स्थानीय तहमा शिक्षक सरुवा हुन चाहने शिक्षकले सरुवाको लागि अनुसूची-१२ बमोजिम को ढाँचामा नगर शिक्षा अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

"(८)" उपनियम (७) बमोजिम अन्तर स्थानीय तह सरुवाको लागि निवेदन दिने शिक्षकलाई सरुवा भई जान चाहेको विद्यालयको विद्‍यालय व्यवस्थापन समिति र सोसँग सम्बन्धित स्थानीय तह तथा आफू कार्यरत विद्यालयको विद्यालय व्यवस्थापन समिति र स्थानीय तहको सरुवा सहमतिको सिफारिस आवश्यक पर्नेछ ।

"(९)" उपनियम (८)मा जुनसुकै कुरा लेखिएको भएता पनि यस नियमावलीको सरुवा सम्बन्धी मापदण्ड विपरित हुने गरी सरुवा सहमती दिइने छैन ।

"(१०)" शिक्षकको अन्तर जिल्ला र अन्तर प्रदेश सरुवा सङ्घीय तथा प्रदेश कानुनले तोके अनुसार हुनेछ ।

"(११)"सरुवा भएको शिक्षक वा कर्मचारीलाई सम्बन्धित विद्यालयको प्रधानाध्यापकले अनुसूचि -१३ बमोजिमको ढाँचामा रमाना दिनुपर्नेछ ।

**आज्ञाले**

डिकबहादुर राई

प्रमुख प्रशासकीय अधिकृत

उप-सचिव